टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं. ०९१-५६०४९९, ०९१-५६१२५४, ०९१-५६०११८

प.सं. : २०८२/०८३
च.नं. :

**"खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा धानको उन्नत बिउ उपलब्ध कार्यक्रममा आवेदन पेश गर्ने बारेको सुचना "।**

**(सूचना प्रकाशित मितिः- २०८२/१२/२३)**
**ने.स.११४६ चौलागा :४ सोमबार**

यस टीकापुर नगरपालिका टीकापुर, कैलालीको आ.व.०८२ ०८३ को सघिंय शसर्त कृषि विकास तर्फको बार्षिक स्वीकृत कार्यक्रम अनुसार **"खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान"** कार्यक्रम अन्तर्गत तपशिलका धानको उन्नत बीउ ५० प्रतिशत अनुदानमा उपलब्ध कार्यक्रम संचालन गर्नुपर्ने भएकोले यस नगरपालिका क्षेत्र भित्र रहेका ईच्छुक कृषक/कृषक समुह/कृषि फर्म/ कृषि सहकारी संस्थाहरूले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (मिति २०८३/०१/०७ गते) भित्र तपशिल बमोजिमका कागजात सहित यस टीकापुर नगरपालिका, कृषि विकास शाखामा आवेदन पेश गर्नहुन सम्वन्धित सवैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| क्र.स. | बीउको प्रकृति | धान बालिका जातहरू | कैफियत |
|---|---|---|---|
| १ | मोटो/मध्यम जात | बहुगुणी-१, बहुगुणी-२, सुख्खा धान-१,२,३,४,५,६, सावित्रि, स्वर्ण सब-१, राधा-४,७,११,१२,१३,१४, मकवानपुर-१, सेहराङ्ग सब-१, तरहरा-१, घैया-३, हर्दिनाथ-२,३,४,५, गंगासागर-१, गंगासागर-२, लोकतन्त्र, | |
| २ | मसिनो जात | सावाँ मसुली सब-१, हर्दिनाथ सावाँ मंसुली, रामधान, हर्दिनाथ-१, हर्दिनाथ-६ | |
| ३ | मसिनो वासनादार | सुगन्धित धान-१,लल्का बासमती,सुनौलो सुगन्धा । | |

आवश्यक कागजातहरुः
१.आवेदकको निवेदन ।
२.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
३. जग्गा धनि लालपूर्जाको प्रमाणपत्रको प्रतिलिपी वा जग्गा भाडामा लिएको भए करारनामा सम्झौता र ऐलानी जग्गाको हकमा सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।
४.कृषक समुह सहकारी कृषि फर्मको संस्था दर्ता/ नविकरण प्रमाण पत्रको प्रतिलिपी ।
५.कृषक समुह/सहकारीको हकमा कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपी ।

..........................
सुमन घिताल
प्रमुख प्रशासकिय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

<u>थप जानकारीका लागि</u>
टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा,टिकापुर,कैलाली

Scanned with CamScanner